Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI : https://doi.org/10.3126/anweshan.v3i2.87556
Research Article
ISSN: 3021-9035 Print

# नेपालको डिजिटल तन्नेरी विद्रोह : सुशासन र संरचनागत सुधारको खोजी

**रामचन्द्र बराल, पिएचडी**
*ram.baral@prnc.tu.edu.np*

## लेखसार

वि.सं.२०८२ भाद्रको 'डिजिटल तन्नेरी विद्रोह' नेपालमा समकालीन सामाजिक–राजनीतिक अस्थिरता र संरचनागत कमजोरीहरू विरुद्धको सशक्त अभिव्यक्ति हो । यसले जनसमुदाय र राजनीतिक संरचनाबिचको असन्तुलीत सम्बन्धलाई उजागर गर्दै दलतन्त्र र भ्रष्टाचारको चुनौतीलाई प्रस्तुत गरेको छ । दलतन्त्रकेन्द्रित सत्ता संरचनाले सुशासनका आधारभूत पिलरहरू—नागरिक खबरदारी, पारदर्शिता, र जवाफदेहितालाई कमजोर पारेको र सरकारी मिडिया नियन्त्रण र सामाजिक सञ्जालमाथिको प्रतिबन्धले नागरिक स्वतन्त्रता र अभिव्यक्तिको अधिकार हनन भएपछि तन्नेरी पुस्ताले प्रतिरोधको अगुवाइ गरेको छ। तन्नेरी विद्रोहले ३६ घण्टामै नेपालको सत्तामा उलटपुलट ल्याएको र दलीय संरक्षणमा हुने गरेका संस्थागत भ्रष्टाचार विरुद्धमा सुधारिएको शासकीय प्रणाली स्थापनको आशा जगाएको छ । अध्ययनलाई एसियाली दार्शनिक इबन खाल्दुनको सामाजिक द्वन्द्व सिद्धान्त र ऋषि विश्वामित्रको नैतिक नेतृत्व अवधारणासहित नेपालको राजनीतिक–सामाजिक संरचनालाई विश्लेषण गर्न सैद्धान्तिक आधार लिइएको छ।

## शब्दकुञ्जी

दलतन्त्र, भ्रष्टाचार, इबन खाल्दुनको सामाजिक द्वन्द्व सिद्धान्त, ऋषि विश्वामित्र, नैतिक नेतृत्व

## विषय प्रवेश

डिजिटल तन्नेरी पुस्ताले दक्षिण एसियाली समाजमा गएको वर्षदेखि ल्याएको असन्तोष विरुद्धको प्रतिरोधले राजनितिक स्थीति र प्रणाली बदल्ने गरी आन्दोल नगर्ने हैसियत देखाए । डिजिटल प्रविधिसँग हिमचिम भएको यो पुस्ता, जो सन् १९९७ देखि २०१२ बिचमा जन्मेकालाई जेनजेड (अर्थात जुम–जेनेरेसन ) भन्ने गरिएको पाइन्छ (Deloitte,2025:2) । यही डिजिटल तन्नेरी पुस्ता नेपालमा पनि सरकारको सोसल मिडिया नियन्त्रण गर्ने निर्णयको प्रतिरोधमा सक्रिय देखियो । फलत प्रतिरोध पहलको ३६ घण्टामा नै नेपालको संसदीय बहुमतको सत्ताले सैनिक सुरक्षामा भाग्नु पऱ्यो । स्थितिलाई थप नबिग्रनबाट जो गाउन सैनिक सहजीकरणमा पूर्वन्यायाधीशको नेतृत्वमा नागरिक मन्त्रिमण्डल निर्माण गरेर अन्तरिम राजनीतिक बन्दोवस्तीको प्रयत्न थालिएको छ।

नेपालमा हालै सत्ता पल्टाउने गरी भएको डिजिटल तन्नेरी पुस्ता अर्थात् जेनजेड/ जी (Eldridge, 2025) विद्रोहको कारण र नतिजाका बारेमा विभिन्न आँकलनहरू सार्वजनिक बहसमा आएका छन् । कतिपयले नेपाललाई दैविक, तान्त्रिक साधनाको भूमि भएकाले यहाँको राजकीय शक्तिको स्रोत व्यवस्थापनका लागि तन्त्रको सन्तुलनमा विचलन आएकाले दशकौँदेखि अनिष्ट आएको तर्क गर्छन् (Lidke, 2004: 257-291) । अझ सनातन संस्कृतिअनुसार सोह श्राद्धको पितृपूजाको पहिलो दिन नै राज्यद्वारा गोली

बर्साएर किशोरहरूको हत्या गरेपछि आन्दोलन भड्किएको तथा दैविक सन्तुलन नै खल्बलिएको भन्ने तर्क गर्नेहरू पनि छन्।

सार्वजनिक बहसमा देखिएको दोस्रो धारणाअनुसार नेपाल वाह्य शक्ति राष्ट्रको स्वार्थको क्रीडा स्थल भएका कारण उनीहरूको स्वार्थका कारण नै यहाँको सरकार र नागरिक क्षेत्रका भूमिकाहरू परिचालित भएकाले अस्थिरता आएको भन्ने मत पनि सुनिएको छ (Philip, 2024, July 16)। यसैगरी बहसमा देखिएको तेस्रो धारणाअनुसार नेपालले अँगालेको राजनीतिक व्यवस्था र निर्वाचन प्रणालीको कारणले सत्ता प्राप्ति र टिकाउनका लागि दलीय संस्थागत व्यवहारमा आएका कमजोरीका कारण गणतन्त्रमा विचलन आएको भन्ने तर्कहरू पनि छन्।

कुनै पनि समस्या र सम्भावना निरपेक्ष रूपमा बाहिर वा भित्र मात्रै सीमित हुँदैन। यो सापेक्ष रूपमा देश काल परिस्थितिबाट प्रभावित हुने र निर्मित हुने गर्दछ। नेपालको आन्तरिक समस्या विदेशतिर नियाल्ने अथवा नेपालभित्रै राज्यका अवयवमा भएको विचलनहरूमा नियाल्ने भन्ने सवाल महत्त्वपूर्ण छ (Lamichhane, 2025:45-67)। डिजिटल तन्नेरी पुस्ताले २०८२ भाद्रमा भद्र तरिकाले आयोजना गरेको आन्दोलन अभद्र प्रतिक्रियाका कारण विद्रोहमा रूपान्तरण भएर ३६ घण्टामै सत्ता परिवर्तन गरेको घटनालाई आकस्मिक मान्ने कि निरन्तर प्रयत्नको उपज ? आन्तरिक राजनीतिको विचलन मान्ने कि बाह्य प्रयोगशाला मान्ने ? शासकीय संस्कृतिमा आएको विचलनको नतिजा मान्ने कि आकस्मिक सत्ता सङ्कट मान्ने ? भन्ने सवालमा यो आलेखमा समाजशास्त्रीय विवेचना गर्न आवश्यक देखिएको छ।

नेपालको आजको अस्थिरता अथवा समस्या बाह्य प्रभाव तथा आन्तरिक संस्थागत कमजोरी दुवैले सृजना गरेका उपज हुन्। यसलाई बहुआयामिक र अन्तर्आयामिक तत्त्वहरूको सहसम्बन्धमा बुझ्नुपर्ने भएकाले रैथाने एसियाली दृष्टिकोणबाट हेर्ने जमर्को गरिएको छ।

## *अध्ययनविधि र सीमा*

लेखकले विगत ३६ वर्षदेखि नेपालमा हुँदै आएको सामाजिक, राजनीतिक आन्दोलनहरूको अवलोकन र अनुसन्धान गर्दै आएको छ। द्वन्द्व र नेतृत्व समाजशास्त्रमा विद्यावारिधि गर्ने क्रमदेखिनै यस्ता विषयमा सूक्ष्मतम अवलोकन हुँदै आएका हुन्। पछिल्लो पटक वि.सं.२०८२ भाद्र महिनामा डिजिटल तन्नेरी पुस्ताले गरेको आन्दोलन र विद्रोहमा रूपान्तरणको घटना एक विशिष्ट घटनाका रूपमा हेरिएको छ।

नेपालमा विगतका आन्दोलनहरू प्राय लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रिय, राजनीतिक र सांस्कृतिक पहिचानसँग जोडिएका हुन्थे। अमेरिकी अध्येता किम्वर्ल क्रिन्सले औँल्याएको तर्कअनुसार सामाजिक असमानताको बहुआयामिक र अन्तर्आयामिक परिस्थितिले निर्माण गरेका पहिचानका घेराहरूका लागि आन्दोलन गर्ने अभ्यास सन् १९९० देखि नै विस्तारित हुँदै आएको हो (Crenshaw, 1991)।

समाजमा विद्यमान स्रोत अथवा पहुँचको असमान वितरणका कारण नागरिक गुनासो तथा सवाल प्रकट गर्न प्रारम्भ भएका कयौँ सामाजिक आन्दोलनहरू कालान्तरमा राजनीतिक विद्रोहका जग बन्ने गरेका उदाहरण प्रशस्त पाइन्छ। तन्नेरी पुस्तामा सहजै प्रयोग र सामाजिक व्यवहारमा घुलमिल भइसकेको इन्टरनेट सेवाको विस्तार र सोसल मिडियाको सार्वजनिक पहुँच जीवन शैलीकै एउटा अङ्ग बन्दै गइरहेको थियो। सरकारले केही नियमनकारी सर्त राखेर बन्देज लगाउने प्रयास गर्दा तन्नेरी पुस्ता प्रतिरोधमा उत्रियो। करिव २० वर्ष अगाडि पनि सरकारले मोवाइल फोन र इन्टरनेट सेवा बन्देज लगाउने प्रयास गर्दा राजतन्त्र नै बिदा गर्ने ढाँचाको आन्दोलनको बीजमा मलजल पुगेको थियो। हालैको उस्तै निर्णयले गणतन्त्रको सत्ता विरुद्ध विद्रोका बीजहरूलाई सिञ्चन गरेको छ। यस्तो खालको डिजीटल पहुँचका लागि सामाजिक प्रतिरोध आन्दोलनको अध्ययन गर्नका लागि आन्दोलनकारी समूहको सङ्गठन, परिचालन सामर्थ्य र सञ्जालकृत शक्तिसमूहको जालोलाई एउटा विशिष्ट संरचनागत ढाँचा (फ्रेमिङ प्रक्रिया)हरूको अनुसन्धान मोडल अपनाउनु उपयुक्त ठानिएको छ (Benford, R. D. & Snow, D. A. 2000)।

सामाजिक आन्दोलनको अध्ययन गर्नाका लागि

सङ्गठित वा परिचालित समूहले प्रयोगमा ल्याएको प्रचार सामग्री वा नीतिवार्ता तथा विषयगत बहसका सवालहरू नै अध्ययन गर्ने (Content and Discourse Analysis) विधि उपयुक्त हुन्छ (Krippendorff, 2018:18) । यो क्रममा आन्दोलन वा विरोधसँग सम्बन्धित सञ्चार सामग्रीहरूको व्यवस्थित अध्ययन गरीएको छ। यसै सन्दर्भमा आन्दोलनसँग सम्बन्धित विभिन्न भाषण, मिडिया प्रतिवेदन, सामाजिक सञ्जालका पोस्टहरू र अनलाइन छलफलहरूलाई अध्ययन गरेर तिनमा निहित र निसृत सन्देश खोजी गरिएको छ। किनकि यिनै सामग्रीहरूमा आन्दोलनको उद्देश्य, असन्तुष्टि र मुद्दाहरूको पहिचान पाइन्छ। यस्तो आन्दोलनमा समर्थन वा ऐक्यबद्धता प्रकट गर्ने, नरम सहजीकरण गर्ने, आपतका बेला उद्धार तथा मानवीय सहायताको चाँजो मिलाउने संस्थाहरूको नीतिगत उपस्थिति पनि अनुसन्धान सामग्रीका रूपमा हेरिनु उपयुक्त हुन्छ (Save the Children & CZOP, 2025) । कहिलेकाहीँ मिडियामा आन्दोलनको चित्रण कसरी गरिएको छ– पूर्वाग्रह, अन्यत्रको सन्दर्भ जोडने र विख्याती वा कुख्याती शैलीमा प्रस्तुत गर्ने तरिका तथा प्रतिनिधित्व भइरहेका विचार वा सामाजिक अनुहारसमेतका आधारमा पनि मूल्याङ्कन गर्दा बहकिने जटिलता हुन सक्छ। यति नै बेला अध्ययनकर्ताको अनुभवजन्य चिन्तनको निरन्तर संवादबाट ज्ञान निर्माण गर्न सकिन्छ (कार्की,२०८, पृ. १:६६)।

यो अध्ययन सम्पादन गर्न गुणात्मक अध्ययन विधिका केही विशिष्ट उपाय पालना गरिएको छ। सोसल मिडिया बन्देज गर्ने सरकारी निर्णयको प्रतिरोध गर्न तन्नेरी पुस्ताले सञ्चालनमा ल्याएको सामाजिक सञ्जाल छलफलबारे ‘असहभागी अवलोकन विधि’ अपनाइएको छ। डिजिटल तन्नेरी पुस्ताको प्रतिरोध आन्दोलनका घटनाबारे सामाजिक सञ्जालमा भएका प्रत्यक्ष प्रसारणलाई अवलोकन गर्दै तथ्याङ्क सङ्कलन गरिएको छ। आन्दोलनको तयारी, परिचालन र विद्रोह तथा निगोसिएसन वार्ताका क्रममा सामाजिक मिडिया प्लाटफार्ममा उपलब्ध विवरण र विमर्शको आँकलनका आधारमा अध्ययन गरिएको छ।

सरकारले सबै सामाजिक मिडीया बन्देज गरे पनि सरकारी निगरानीमा बनाइएको टिकटक मात्र सञ्चालनमा रहेको थियो। आन्दोलनका तयारीका पूर्वसन्ध्यामा डिजिटल तन्नेरी समूहले नै ‘भिपिएन’ (VPN : Virtual Private Network) मार्फत फेसबुक, डिस्कोर्ड समेतमा पहुँच राख्न सिकाएका थिए । यो बेला नेपालमा ‘भिपिएन’ प्रयोगकर्ताहरूको आँकडा ८०००% ले बढेको थियो (Mathrubhumi 2025, September) । ‘भिपिएन’ स्रोतबाटै सोसल मिडयालाई नै उनीहरूले आफ्नो सार्वजनिक विचार प्रवाहको मञ्च बनाएका थिए। त्यही मञ्चमा प्रकट विवरणहरूका आधारमा असहभागी अवलोकन गरिएको थियो।

यो अध्ययनको सिमा भनेको ‘सोसल मिडिया’ मा पहुँच भएका तथ्यमा मात्र सीमित हुनु हो । किनकि आन्दोलनमा तन्नेरी पुस्ता (जेनेरेसन जेड, १३ देखि २८ वर्ष) बाहेकका मानिसको सहभागितालाई उनीहरूले अस्वीकार गरेका थिए। त्यसैले घटनामा प्रत्यक्ष सहभागिता विना नै सामाजिक मिडियामा आएको घटना विवरण र विचार प्रतिक्रियाका आधारमा नै यो अध्ययन गरिएको छ।

यो अध्ययन नेपालमा वि.सं. २०८२ भाद्र २३–२४ (सन् २०२५ सेप्टेम्वर ८–९) मा भएका डिजिटल तन्नेरी विद्रोह र त्यसले ल्याएको सामाजिक, राजनीतिक प्रभावमा सीमित रहेको छ। अनुसन्धानमा मुख्य रूपमा सार्वजनिक रूपमा उपलब्ध सूचना, सामाजिक मिडिया डाटा र प्रकाशित सामग्रीमाथि आधारित हुनुका कारण निजी तथा संवेदनशील तथ्याङ्कमा पहुँच नभएकाले यसको विवेचनामा सीमित रहेको छ।

## *सैद्धान्तिक विश्लेषण*

सामान्यतया नेपालको सामाजिक आन्दोलनहरू ऐतिहासिक रूपमा लैङ्गिक, जातीयता, वर्गीय, क्षेत्रीय पहिचान, राजनीतिक आस्थागत निष्ठा र संस्कृतिसँग अन्तर्सम्बन्धित रहेका हुन्थे (Kaini, 2023, p. 52-70)। अमेरिकी अध्येता किम्बर्ल क्रेन्स (Crenshaw, 1989: 139–167) द्वारा प्रतिपादित इन्टरसेक्सनालिटी (intersectionality) को रूपरेखाले त बहुआयामिक तहगत असमानताले सामूहिक आन्दोलनहरूको स्वरूपलाई निर्धारण गर्ने धारणा अगाडि ल्याएको छ। तर

हालैको युवामुखी डिजिटल प्लेटफर्महरूमार्फत प्रतिरोधको अभ्यासले नयाँ रणनीतिहरू विकास गरेका छन् (Carnegie Endowment for International Peace, 2025)।

हरेक आन्दोलनमा आन्तरिक र वाह्य कारणहरूको बहुआयामिक र अन्तर्आयामिक कारणहरू अन्तरङ्ग सम्बन्ध हुन्छ नै। यसमा पनि बाह्य कारण प्रकट रूपमा देखिने र आन्तरिक कारण अप्रकट रूपमा गौण मानिने हुँदा कतिपय अनुसन्धानमा गौण पक्ष निर्णायक हुँदा पनि अप्रकट हुनाले अनुसन्धानका नजरमा देखा पर्न नसक्ने तर देखिएका बाह्य कारणले मुख्य भूमिका खेलको महत्त्व पाउने स्थिति आउन सक्दछ (Merton,1968: 73-115)। यसैकारण सामाजिक अनुसन्धानहरूमा आजकल पश्चिमा औपनिवेशिक मान्यताका नजरभन्दा गैरऔपनिवेशिक रैथाने दृष्टिकोणले हेर्न र रैथाने गौण कारण खोजी गर्नुपर्ने मान्यताहरूको विकास भइरहेको छ (Smith, 2012:6)। यही मान्यतालाई आत्मसात गर्दै समाजको वास्तविकतालाई पहिचान गर्न रैथाने एसियाली दृष्टिकोणबाट हेर्नुपर्छ भन्ने मत यहाँ राखिएको छ। यसका लागि १४ औँ शताब्दीमा इरानी दार्शनिक इबन खाल्दुनले अगाडि ल्याएको सामाजिक द्वन्द्व सिद्धान्त तथा समूहगत समन्वय (Asabiyyah) अवधारणा र वैदिक राज्य व्यवस्थापनको अनुभव भएका ऋषि विश्वामित्रको नैतिक नेतृत्व तथा राज्य र नागरिक सम्बन्धको दार्शनिक विचारहरूमा आधारित भएर नेपालको डिजिटल तन्नेरी समूहको राजनीतिक घटनाक्रमको चर्चा गरिएको छ।

## *इबन खाल्दुन (1332–1406) को सामाजिक द्वन्द्व सिद्धान्त*

१४औँ शताब्दीका समाजशास्त्री इबन खाल्दुनले आफ्नो प्रसिद्ध ग्रन्थ मुकद्दिम (Al-Muqaddimah) (१३७७) मा समाजको स्थायित्व र परिवर्तनमा समूहगत समन्वयको ढाँचा (Asabiyyah) को आधारमा हुने व्याख्या गरेका छन्। उनका अनुसार समाजमा द्वन्द्व र प्रतिस्पर्धा अस्वाभाविक नभएर सामाजिक परिवर्तन र नवीन रूपान्तरणको स्वाभाविक प्रक्रियाको हिस्सा हो। समाजमा विद्यमान समूहमा पारस्परिक समन्वय र उद्देश्यगत समर्पण र साझा पहिचान बलियो बनाउनका लागि हुने समर्पणले शासन, शक्ति र सामाजिक स्थिरता प्राप्त गर्न सक्छ। तर समयक्रममा जब सामूहिक हितको मान्यता र समन्वयकारी एकता कमजोर पर्छ र व्यक्तिगत स्वार्थ प्रबल बन्छ; तब राज्य वा सभ्यताको पतन प्रारम्भ हुन्छ (Ibn Khaldun, 1967 [1377], p. 98)।

खाल्दुनको मतअनुसार कुनै पनि सत्ता तथा शक्ति सर्वकालिक हुँदैन, समाजलाई स्थिर, सन्तुलित र दिगो सामाजिक समन्वय र सहकार्य र सामाजिक विश्वासलाई प्रमुख आधार मानिन्छ (Khaldun, 1967[1377], p. 302)। शक्तिकेन्द्रित शासन वा नियन्त्रणकारी प्रवृत्तिले द्वन्द्वलाई गहिरो बनाउँछ र त्यस्तो राज्य अथवा सत्ताले दीर्घकालीन स्थायित्वको सम्भावना गुमाएर पतन प्रारम्भ हुन्छ। राजकीय एकतालाई आत्मकेन्द्रितता र विलासितामा परिणत गर्छ भने त्यो समाज र सत्तामा पतन सुरु हुन्छ। अझ शासन स्थायित्वका नाममा जब शासन शक्ति दमनकारी हुन्छ; तब समूहगत समन्वय तथा एकता पनि कमजोर हुन्छ र त्यसैको कारण राज्यसत्ताको पतन हुन्छ (Khaldun, 1967 [1377], p. 125)।

नेपालमा तन्नेरी पुस्ताले उठाएको गुनासो पनि राजकीय सत्ताको स्रोतमा रहनेहरू र उनका सन्तान शक्तिको आत्म–केन्द्रितता र विलासतामा रमाएका हुने। जनसाधारणहरू राज्य स्रोतको विभेदकारी अपहेलनामा पर्नुपर्ने अवस्था रहेको भन्दै एक्सपोज नेपोकिड अभियान प्रारम्भ गरेका थिए। नेताका सन्तानको विलासिताको डिजीटल भण्डाफोर चलिरहेको बेला आफ्नो लोकप्रियताको बदनामी लुकाउन सरकारले सोसल मिडियामा बन्देज लगाएको तन्नेरी आन्दोलनकारीहरूको बुझाइ छ।

नेपालमा तन्नेरी पुस्ताले उठाएको मुख्य गुनासो मात्र आर्थिक वा प्रशासनिक असन्तुलन होइन, राजनीतिक वर्ग र तिनका सन्तानहरूको आत्मकेन्द्रितता र विलासिताविरूद्धको विद्रोह हो। एक्सपोज नेपोकिड (Expose nepoKid) अभियानले राजकीय शक्ति र शक्तिशाली वंशहरूको विलासितालाई डिजिटल माध्यमबाट भण्डाफोर गरेको छ। विलासितामा रमाइरहेको सत्ता संरचनाको विरोधमा

तन्नेरीहरूले सामाजिक न्याय, पारदर्शिता र उत्तरदायित्वको माग गर्दै नयाँ डिजिटल एकताको रूपमै नागरिक एकता पुनः स्थापित गरेको छ।

नेपालको डिजिटल तन्नेरी विद्रोहले इबन खाल्दुनले प्रस्ताव गरेको सामाजिक चक्रको नयाँ चरण देखाएको छ; जहाँ नयाँ सामाजिक, नैतिक राजनीतिक सन्तुलन खोजिँदैछ। शक्तिकेन्द्रित प्रयोगबाट होइन, समन्वय र संवादबाट मात्र दीर्घकालीन सामाजिक स्थिरता सम्भव हुने मत देखाएको छ। यो आन्दोलनले नेपालको राजनीतिक प्रणालीमा पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागिताको महत्त्वलाई अझ बढावा दिँदै नेपाली लोकतन्त्र सुदृढ बनाउन एक नयाँ सम्भावनाको ढोका उघारेको छ।

## ऋषि विश्वामित्रको नैतिक नेतृत्व सिद्धान्त

ऋषि विश्वामित्र सनातन वैदिक शासन दर्शनका अगुवा मानिन्छन्। गुरुकुलको दार्शनिक शिक्षा, शासनको नेतृत्व अभ्यास र ब्रह्मत्वको दार्शनिक खोजमा समर्पित ऋषिका रूपमा पहिचान बनाएका विश्वामित्रले नैतिक नेतृत्व, धर्म र लोककल्याणमा आधारित शासनको अवधारणा स्पष्टरूपले प्रस्तुत गरेका छन् (शाह, २०५८,पृ. ९४–१००)।

विश्वामित्रको राजधर्म वैदिक दर्शनमा नैतिक शासनको सूत्र मानिन्छ। राजधर्म केवल सत्ता सञ्चालन होइन, ब्रह्माण्डीय नियम र नैतिक सत्यताको पालना गर्ने सामार्थ्यले मात्र शासन गर्ने हैसियत राख्दछ भन्ने बुझिन्छ (ऋग्वेद ३।५३।१२)।

***राजा नृणां देवपुत्रो नृचक्षाः*** (ऋग्वेद ३।५३।१२)। यो मन्त्रले शासकलाई सत्ता भोग होइन, देवपुत्रतुल्य सत्यमा स्थित दृष्टि र धर्ममा आधारित नैतिक व्यवहारले सामर्थ हुनुपर्ने बताएका छन्।

उनले सामाजिक वा राजकीय नेतृत्व उच्च नैतिकता र धर्मपरायण हुन अपरिहार्य बताएका छन्। पूर्वीय शासन दर्शनअनुसार नैतिक नेतृत्वले मात्र राज्यको गति अनि दीर्घायु स्थायित्वमा योगदान गर्ने हैसियत राख्दछ। सत्ता धारण गर्नेहरूले धर्म र नैतिकताका नियमहरू पालना गर्दा मात्रै त्यो शासनले जनताको विश्वास प्राप्त गर्दछ। नेताको नैतिक, कानुनी र आध्यात्मिक कर्तव्य बहनको सन्देशले नै लोकशासनको गति र राज्य तथा नागरिक सम्बन्धको नैतिक सन्तुलन निर्धारण गर्दछ।

विश्वामित्रको राजधर्मअनुसार राज्यले आफ्नो शासनका लागि अनुकूल पार्ने नियम बनाउने होइन, ब्रह्माण्डीय सास्वत नियमका आधारमा शासन व्यवस्थापन गर्ने हो । यस्ता शासकीय नियमहरूमा– नेताले लोकसेवकका रूपमा सेवा गर्नुपर्ने, धर्ममा अधीन भएको शक्ति, कर्ममा आधारित सामाजिक व्यवस्था, सत्य, रीतिपूर्वक र लोककल्याणमा आधारित शासन, नैतिक तथा जवाफदेही तथा उत्तरदायी नेतृत्वसँगै नागरिकको सहभागिता धर्म मैत्री जिम्मेवारी समेटिएको हुनुपर्छ (शाह, २०५८, पृ. ९४–१००)।

उनका अनुसार नेताको नैतिक, कानुनी र आध्यात्मिक कर्तव्य पालनाका आधारमा नागरिकको कर्तव्य धर्म पालना र नैतिक व्यवहार अनुशरणको मार्ग बनाउँछ। नागरिक र राज्यबिचको सम्बन्ध पारस्परिक कर्तव्य र सम्मानमा आधारित हुनुपर्छ। शासनले जनताको हितमा काम गर्नुपर्छ भने जनताले पनि आफ्नो कर्तव्य निष्ठापूर्वक निर्वाह गर्नुपर्नेछ । यही सन्तुलनबाट मात्र सामाजिक शान्ति र समृद्धि सम्भव हुन्छ।

वैदिक सनातन दर्शन र तन्त्र उपासनाका साधक खासगरी योगी गोरखनाथलाई राष्ट्रगुरु मान्दै उनको नैतिक नेतृत्व र राज्य–नागरिक सम्बन्धको अवधारणामा स्थापना भएको नेपालको ऐतिहासिक राष्ट्रिय पहिचानलाई वेवास्ता गर्दै नैतिक, कानुनी र आध्यात्मिक कर्तव्य पालनामा अब्बल सावित हुन नसकेको नेतृत्वले देवदेश नेपालको लोकशासनको नेतृत्व गर्ने हैसियत गुमाउँछ। नेतृत्वमा नैतिक, कानुनी र आध्यात्मिक विचलन आइरह्यो भने त्यस्तो नेतृत्व पतन र नयाँ जवाफदेही वा उत्तरदायी सत्ता निर्माणको विकल्प खोज्नु नागरिक कर्तव्य हुन्छ। हालैको नेपालको तन्नेरी पुस्ताको विद्रोहले नैतिक, कानुनी र आध्यात्मिक विचलन भएको नेतृत्वको बिदाइ तथा नयाँ नैतिक नेतृत्व खोजको पहल बढाएको हो।

एसियाली समाजमा विकास भएका यी दुई शासकीय सिद्धान्तले नेपालको तन्नेरी पुस्ताको विद्रोहलाई

बुझ्न र अबको बाटो पहिचान गर्न मद्दत गर्दछ। इबन खाल्दुनले सङ्केत गरेजस्तो समाजमा विद्यमान समूहमा पारस्परिक समन्वय तथा साझा उद्देश्यगत समर्पणलाई आत्मसात् गर्न सक्ने नेतृत्व र ऋषि विश्वामित्रले सङ्केत गरे जस्तै नैतिक नेतृत्व र राज्य–नागरिक सम्बन्धमा समर्पित प्रणाली मात्रै नेपालको दिगो लोकतान्त्रिक शासनको सैद्धान्तिक आधार प्रदान गर्दछ।

विश्वामित्रको राजधर्ममा राज्यले शासनका लागि अनुकूल पार्ने नियम बनाउने होइन, ब्रह्माण्डीय साश्वत नियमका आधारमा शासन व्यवस्थापन गर्ने हो । यस्ता शासकीय नियमहरूमा– प्रजाको करबाट वेतन खाने राजा अथवा नेताले प्रजा सेवकका रूपमा उनीहरूको जीविका सहजता र सन्तुष्टिका लागि क्रियाशील हुनुपर्ने, धर्ममा अधीन भएको शक्ति, कर्ममा आधारित सामाजिक व्यवस्था, सत्य, रीती र लोककल्याणमा आधारित शासन, नैतिक र जवाफदेही तथा उत्तरदायी नेतृत्व तथा नागरिकको सहभागिता धर्म पालनमैत्री जिम्मेवारीलाई अनुशरण गर्ने हुनुपर्दछ (शाह, २०५८, पृ. ९६)।

## *अध्ययनका नतिजाहरू*

नेपालको डिजिटल तन्नेरी विद्रोहको अध्ययनले समग्रमा चार प्रकारका नतिजाहरू देखाएको छ।

## *दलतन्त्र र सुशासनबिच द्वन्द्वात्मक सम्बन्ध*

नागरिकहरूले पूर्ण लोकतन्त्रका लागि आन्दोलन गरेर ल्याएको भनिएको नेपालको वर्तमान राजनीतिक संरचना दलतन्त्रको सबलीकरणमा मलजल गरेको र सुशासनका पिलरहरू– नागरिक खबरदारी, पारदर्शिता, जवाफदेहिता, जस्ता आधारहरू क्रमशः कमजोर बन्दै गएको पाइएको छ। लोकतन्त्र वा गणतन्त्र जे नाम दिए पनि दलतन्त्रको विभिन्न अवयवहरूले राजकीय अङ्गका (सुरक्षाबाहेक) सबैतिर दलीय भागवण्डा र दलीय निकटलाई संरक्षण गर्ने प्रवृत्ति सक्रिय पारेको पाइएको छ।

## *नागरिक भरोसा सोसल मिडियामा*

नागरिक भरोसा सार्वजनिक मिडियाबाट सोसल मिडियातिर मोडिएको छ । सार्वजनिक मिडियाहरू दलतन्त्रकै पक्षधरता देखाउने भएकाले उनीहरूले प्रस्तुत गर्ने सामग्री सुशासन मजबुतीमाभन्दा दलीय पक्षधर तामा केन्द्रित हुन थालेपछि नागरिकहरूले सार्वजनिक छापा, रेडियो, टेलिभिजनप्रति विश्वास नै गर्न सकेनन् र सोसल मिडिया कन्टेन्टहरूतर्फ सहभागिता बढाउन थाले। 'पब्लिक मिडिया' ले नागरिक विश्वास गुमाउँदै सामाजिक मिडियातर्फ नागरिकहरूको मोह बढ्न प्रेरित गर्‍यो । यो परिस्थितिले नियन्त्रित मिडियाको व्यावसायिक लाभ पनि सोसल मिडियातिर सिफ्ट हुन पुग्यो । त्यसपछि सोसल मिडिया नियन्त्रणका लागि दल, सरकार तथा उनीहरूका मिडिया व्यवसायीहरूको गठबन्धन सक्रिय हुन थालेपछि तन्नेरी पुस्ताले मिडियामा स्वतन्त्र पहुँचको मानव अधिकारका सवाल उठाएर प्रतिरोध आन्दोलन सुरु गरेका थिए।

## *डिजिटल तन्नेरी विद्रोह*

वि.सं. २०८२ भाद्र २३–२४ मा उत्पन्न डिजिटल तन्नेरी विद्रोह कुनै आकस्मिक आन्दोलन थिएन । यो दलीय संरक्षणमा भएका दीर्घकालीन भ्रष्टाचार, सत्ताको पहुँचमा विलासी र राज्यको प्रहरी तथा बजेटरी स्रोतको व्यापक दुरूपयोग, बढ्दो बेरोजगारी र अभिव्यक्ति स्वतन्त्रतामाथिको नियन्त्रणको प्रतिक्रियास्वरूप जन्मेको नागरिक प्रतिरोध थियो । त्यसैले यो नयाँ पुस्ताको राजनीतिक जागरण र संस्थागत दलतन्त्र विरुद्धको विवेकशील प्रतिवाद थियो। डिजिटल तन्नेरी पुस्ताले दलीय सर्वोच्चतालाई अस्वीकार गर्दै वास्तविक नागरिक सर्वोच्चता र सुशासनको मागलाई ऐतिहासिक रूपले पुनःस्थापित गरे । यो पुस्ताले पुरानो पुस्ताप्रति भरोसा नभएको देखाउँदै देशभित्रै युवाको भविष्य सुनिश्चित गर्ने गरी राजनीतिमा युवाको सक्रिय सहभागिता खोज्न थालेको छ।

यो पुस्ताले राजनीतिक दलीय आस्थागत स्वार्थभन्दा माथि उठेर जिम्मेवार, पारदर्शी र जनउत्तरदायी शासनको माग अघि सारेका छन्। उनीहरूको नेतृत्व चेतना स्वयंसेवी, राष्ट्रसेवामुखी र प्राविधिक–वैज्ञानिक सोचमा आधारित देखिन्छ। यही पुस्ताले डिजिटल आन्दोलनबाट नेपालको

शासन सुधारको नयाँ युग सङ्केत गरेको छ; जसले भविष्यको राजनीतिक रूपान्तरणको दिशा नागरिककेन्द्रित सुशासनतर्फ मोड्ने सम्भावना प्रकट गरेको छ।

## *शासकीय संरचना भद्दा र बोझिलो*

सङ्घीय , प्रादेशिक र स्थानीय शासन नागरिकमैत्री बन्न नसकेको सवालहरू आन्दोलनका क्रममा उठाइए। सङ्घीयता जनकेन्द्रित नभई राजनीतिक दल र कर्मचारी सन्तुष्टिमुखी बनेको अनुभवले नागरिकहरूमा निराशा र असन्तोष बढाएको छ। स्थानीय तह जनसेवाभन्दा दलका कार्यकर्ता र कर्मचारी व्यवस्थापनको उपकरण बनेपछि शासनप्रणालीमाथिको विश्वास घट्दै गएको छ। यसले राज्य पुनर्संरचना र शासकीय सुधारको नाममा दलीय कार्यकर्ता र उनका आसेपासेलाई आवधिक रोजगारको बन्दोबस्ती जुक्ति अपनाइएको, नागरिकहरूमा करका दर र बन्देज बढाएर निरुत्साहित पारेपछि आन्दोलनकारीहरूले प्रादेशिक संरचना नै खारेज गर्नुपर्ने माग अगाडि सारे।


## *अध्ययनका नतिजाहरूमाथि विमर्श*

## *दलतन्त्र र सुशासनबिच द्वन्द्वात्मक सम्बन्ध*

राज्यको निर्माण र निरन्तरता नागरिक समुदायको बलबुतामा आधारित हुन्छ । लोकतान्त्रिक शासनको दार्शनिक आधार नै नागरिक सहभागिता सशक्त पारेर राज्यको राजनीतिक स्थिरता र सुशासन सुनिश्चित गर्नु हो। तर नेपालमा यो आवश्यक सन्तुलन कायम राख्न राज्य र राजनीति दल दुवै पक्ष कमजोर सावित भएका छन्।

वास्तवमा नेपालले पूर्ण लोकतन्त्रको आशय र मूल्यहरू अपनाउने भनिए पनि राजनीतिक संरचना दलीय स्वार्थ र भागवण्डामा फसेको छ। यसले दलतन्त्रलाई मात्र मजबुत बनाएको देखिन्छ; जसले सुशासनका आधारभूत तत्त्वहरू जस्तै नागरिक खबरदारी, पारदर्शिता, जवाफदेहिता क्रमशः कमजोर बनाउँदै लगेको छ।

नेपालको लोकतन्त्र वा गणतन्त्र जेजस्तो नामले चिनियोस्, दलीय सङ्गठनहरूले सुरक्षा संयन्त्रबाहेक राजकीय अङ्गहरूमा आफ्नो हित संरक्षण गर्ने प्रवृत्ति प्रगाढ बनाएका छन्। यसले नागरिकहरूमा शासनप्रतिको विश्वास घटाउँदै लगेको छ भने शासनमा स्थिरता कायम गर्ने बाहानामा नागरिकप्रति पारदर्शिता र जवाफदेहिता कमजोर बनाएको छ। यो तथ्यलाई चित्रमय रूपमा देखाउँदा, राज्य र नागरिक सम्बन्धका बिचमा राजनीति र सुशासनको सन्तुलन कायम हुनुपर्नेमा राजनीतिक पक्ष (कालो घेरामा) दलतन्त्र र भ्रष्टाचारको संरक्षक बनेको तथा सुशासन पक्ष (रातो घेरामा) जोखिमपूर्ण अवस्थामा खबरदारी र नागरिक दबाबसमूह सङ्कुचन पारिएको अवस्थामा रहेको देख्न सकिन्छ–




चित्र नं.१, राज्य र नागरिक सम्बन्धको सन्तुलन ©रामचन्द्र बराल,२०८२

यसले सत्ता सन्तुलनभन्दा सत्ता संरक्षणमा केन्द्रित राजनीतिक सोचलाई प्रश्रय दिएको छ; जसको प्रत्यक्ष परिणामस्वरूप नागरिक सहभागिता र खबरदारीका अभ्यासहरू निस्तेज बनाउने पहल हुन थालेको अनुभूति तन्नेरी पुस्ताले गरेका छन्। पार्टीगत र नेतृत्वगत कमजोरी औँल्याउने नागरिक वा बुद्धिजीविमाथि साइबर सुरक्षा ऐनको प्रयोग गरी दमन गर्ने र सूचनाको स्वतन्त्र प्रवाहमा अङ्कुश लगाउने प्रवृत्तिले नागरिक चेतनालाई प्रतिरोधमा परिणत गर्यो। यसले जनसेवामुखी राजधर्मको त वास्ता नै गरेन लोकतन्त्रका मूल्य र नैतिकता दुवैलाई क्षीण तुल्यायो।

फलस्वरूप राज्य तथा नागरिकबिचको सन्तुलित सम्बन्धका लागि राजनीति र सुशासनका पिलरहरूमा सन्तुलन कायम गर्ने प्रयत्न हुन पनि सकेन । सत्ता राजनीति पक्षपाति भएर दलतन्त्र मजबुत पार्ने ध्याउन्नमा लाग्दा त्यसको उपज भ्रष्ट्राचार मौलाएको र सुशासनको पिलरका अवयव कमजोर पार्नमा सक्रियता भएको पाइएको छ । सुशासनका पिलर मजबुत पार्नमा वेवास्ता हुनाले

नागरिक खबरदारी कमजोर पारिएको, नागरिक दबाबसमूह र दबाबमूलक सोसल मिडियालाई दलतन्त्रले शत्रु देख्न थाल्यो । यसैले राज्य र नागरिकबिचको सन्तुलनका २ पिलरमध्ये राजनीतिको उपज दलतन्त्रले सुशासनको आधार नागरिक खबरदारीलाई सहिष्णुतापूर्वक स्वीकार गर्न कठिन देखियो र कालान्तरमा तन्नेरी पुस्ताको डिजीटल नेटवर्कको समन्वयमा संलग्न समूहले सबै खालका राजनीतिक दलीय पक्षधरता अस्वीकार गर्दै गौण रूपमा रहेको असन्तुष्टि प्रकट गऱ्यो ।

## *नागरिक भरोसा सोसल मिडियामा*

नागरिकहरूको भरोसा सार्वजनिक मिडियाबाट सामाजिक मिडियातिर सर्ने क्रम तीव्र भयो । पारम्परिक सार्वजनिक मिडिया दलतन्त्रका पक्षधर भएकाले ती माध्यमहरूबाट प्रवाहित समाचार र सामग्री सुशासन बनाउनुभन्दा दलगत पक्षधरतामा केन्द्रित हुन थाले । यसको कारणले गर्दा नागरिकहरू सार्वजनिक पत्रपत्रिका, रेडियो र टेलिभिजनप्रति विश्वास गुमाएर सामाजिक सञ्जालका सामग्रीप्रति बढी संलग्न हुन थाले । यसले सामाजिक मिडियाको उदयलाई थप बलियो बनाइदियो र व्यावसायिक रूपमा नियन्त्रित मिडिया पनि सामाजिक मिडियातर्फ आकर्षित हुन प्रेरित भए ।

तर दल, सरकार तथा मिडिया व्यवसायीहरूको गठबन्धनले सामाजिक मिडिया नियन्त्रणका लागि सक्रियता देखाउन थाले । संस्थापन सत्तापक्षका व्यक्तिहरू मिडियालाई राज्यको चौथो अङ्ग भनेर मानमनितो गरेको देखाउँथे । मिडियाले प्रतिपक्षको पहिचान नै गुमाइसकेको थियो । पछिल्लो पटक सरकार गठनका गठबन्धन नै एक जना मिडिया व्यवसायीको सहजीकरणमा भएको भनेर सत्ता सञ्चालकहरूले सार्वजनिक रूपमा कृतज्ञता प्रकट गर्दै स्वीकार गरेका थिए । संसदमा औपचारिक रूपमा रहेको प्रमुख विपक्षी दलको नेताले गणतन्त्र जोगाउनका लागि सत्तापक्षकै भूमिका खेल्नु परेको आफैँले संसदीय मन्तव्यमा बोलेका पनि थिए (Nepalvani. (2025, March 11) .

यसबाट सत्ता सन्तुलनभन्दा सत्ता संरक्षणमा आधारित राजनीतिक सोच सदृढ भयो, जसले नागरिक सहभागिता र खबरदारीका अभ्यासहरूलाई कमजोर बनायो । पार्टीगत तथा नेतृत्वगत कमजोरी देखाउनेहरूलाई साइबर सुरक्षा ऐनजस्ता कानुनबाट दबाउने प्रवृत्ति बढ्यो र सूचनाको स्वतन्त्र प्रवाहमा प्रतिबन्ध लगाइयो । यसले लोकतन्त्रका आधारभूत मूल्यहरू र नैतिकतालाई गम्भीर चुनौती दियो । दलतन्त्रमा लोकप्रिय हुन नेताहरू मिडिया र माफिया सम्हाल्नेतिर केन्द्रित भए । परिणामस्वरूप सुशासनका आधार– पारदर्शिता, जवाफदेहिता, र नागरिक खबरदारी क्रमशः कमजोर भए । नियन्त्रित मिडियाले नागरिक पीडा र असन्तुष्टिलाई व्यक्त गर्न छोड्दा सामाजिक सञ्जाल स्वतन्त्र अभिव्यक्तिको मुख्य थलो बन्यो । यही स्वतन्त्रता दलतन्त्रका लागि चुनौती भयो र अन्ततः नागरिक स्वतन्त्रता माथि नियन्त्रण र प्रतिबन्धको वातावरण निर्माण गरियो ।

यसरी सर्वसत्ताको व्यापक सघनीकरण भइरहेको र सरकारलाई खवरदारी गर्ने मिडिया तथा संसदीय अभ्यास पनि शिथिल भएपछि तन्नेरी पुस्ताले आफ्नो आवाजको प्रतिनिधित्व आफ्नै सोसल मिडिया मात्रै भरोसाको मान्दै यसलाई बन्देज गर्न खोज्नु अभिव्यक्तिको अधिकार कुण्ठित गर्न खोजेको बुझ्दै व्यापक प्रतिरोध स्वरूप जेन्जी (Gen–z) आन्दोलन सुरु गरेका थिए ।

## *डिजिटल तन्नेरी विद्रोह*

नेपालमा विगतको ३६ वर्षमा प्रायः १० वर्षको अन्तरालमा राजनीतिक र प्रशासनिक रूपान्तरणकारी आन्दोलनहरू हुँदै आएका छन् । आन्दोलनमा सहभागी भएको पुस्ताले आफ्नो आन्दोलनकारी छवीको राजनीतिक सौदाबाजी र मूल्य असुली गर्ने परम्परै बसालेका थिए । यो पुस्ताले सङ्गठन नै शक्तिको स्रोत हो भन्ने मान्यता राखेर कुनै एक दलको कार्यकर्ता बन्नैपर्ने नत्र सामाजिक छनौटका अवसरबाट बञ्चित हुनुपर्ने विडम्बनापूर्ण त्रास भोगेका थिए ।

यो प्रवृत्तिबाट तन्नेरी पुस्ता खुसी थिएनन् । उनीहरू दलीय नेताका फजुल भाषणमाभन्दा विज्ञानसम्मत तर्क र नागरिक जीवनमा प्रवाह हुने उपलब्धिका आधारमा मत प्रकट गर्न पाउनुपर्छ भन्ने धारणा राख्दथे । त्यसैले उनीहरू कुनै दलविशेषमा बन्धक हुनुभन्दा दलतन्त्रको संरचनालाई चुनौती दिने नयाँ र स्वतन्त्र पहिचानका व्यक्तिहरूलाई

आफ्नो वास्तविक नायक ठान्न थाले। तर सरकारी पक्षबाट नियन्त्रित मिडियामार्फत ती दलतन्त्रको संरचनालाई चुनौती दिने नयाँ र स्वतन्त्र पहिचानका प्रतिनिधिहरूलाई विभिन्न प्रोपागाण्डा र प्रशासनिक असहयोग गरेको कुरा सोसल मिडियामा चर्चा भइरहेका थिए।

यो परिस्थितिले तन्नेरी पुस्ता सरकारी पक्षसँग चिढिएका थिए। यहि प्रसङ्गमा सरकारले सोसल मिडिया नियन्त्रणको पहुँच खोज्न थाल्यो। केही पहिले टिकटक नामको सोसल मिडिया पनि बन्देज गरेपछि सम्पादनको पहुँच लिएर खुला गरिएको उदाहरण थियो। त्यही अभ्यास अन्य सबै सोसल मिडियामा प्रयोग गर्न सरकार उद्यत देखियो। सोसल मिडियामा सरकारले रुचाएका सामग्री मात्रै रहन मिल्ने सम्पादकीय पहुँचको खोजीमा सरकारले बन्दको प्रपञ्च गरेपछि सर्वोच्च अदालतमा त्यो कदम रोक्नका लागि केही अधिवक्ताले निवेदन हालेका थिए। तर अदालत प्रशासनले निवेदनलाई दरपीठ अर्थात् दर्ता गर्न अस्वीकार गरिदियो।

कार्यपालिकाको नियन्त्रणमुखी कदम रोक्न न्यायिक मार्ग पनि असफल भएपछि डिजीटल संसारमा सामाजिक सम्बन्ध बनाइरहेका तन्नेरीहरू व्यापक प्रतिरोधमा उत्रने गरी डिस्कोर्ड (Discord) सञ्जालमै भ्रष्टाचार विरुद्ध युवा समूह (युथ अग्नेस्ट करप्सन Youths Against Corruption) बनाएर प्रतिरोधको पहल थाले। उक्त सोसल मिडिया प्लेटफार्ममा १ लाख ५४ हजार ८२१ तन्नेरीहरू सहभागी भएको आन्दोलनमा सहभागी एक जुनियर इन्जिनियरले बताएका थिए। उनीहरूले भ्रष्टाचार विरुद्ध युवा आन्दोलनमा सहभागी हुँदा सुरक्षाका उपायहरूको सहजीकरण गर्ने र आन्दोलनका कार्यक्रमहरूका बारेमा सूचना प्रवाह गर्दथे। यही युथ अग्नेस्ट करप्सन समूहको आयोजनामा नै राजधानी सहर काठमाडौँमा वि.सं. २०८२ भाद्र २३ गते विरोधका लागि सडक कार्यक्रम आह्वान गरिएको थियो। त्यस विरोध कार्यक्रमलाई सरकारी पक्षबाट व्यापक दमन भएर सयौँ घाइते र तत्काल १९ जनाले ज्यान गुमाएपछि आन्दोलन भड्किएर सत्ता पल्टाउने आक्रोशमा बदलिएको थियो।

वि.सं. २०८२ भाद्र २३–२४ मा उत्पन्न डिजिटल तन्नेरी विद्रोह कुनै आकस्मिक आन्दोलन थिएन। यो दलीय संरक्षणमा भएका दीर्घकालीन भ्रष्टाचार, सत्ताको पहुँचमा विलासी र राज्यको प्रहरी तथा बजेटरी स्रोतको व्यापक दुरूपयोग, शैक्षिक युवाहरूको बेरोजगारी र अभिव्यक्ति स्वतन्त्रतामाथिको नियन्त्रणको प्रतिक्रियास्वरूप जन्मेको नागरिक प्रतिरोध थियो। यसले नयाँ पुस्ताको राजनीतिक जागरण र दलतन्त्रविरुद्धको विवेकशील प्रतिवाद प्रकट गरेको थियो। डिजिटल तन्नेरी पुस्ताले दलीय सर्वोच्चता अस्वीकार गर्दै वास्तविक नागरिक सर्वोच्चता र सुशासनको मागलाई ऐतिहासिक रूपले पुनःस्थापित गर्न चाहन्थे। यो पुस्ताले पुरानो पुस्ताप्रति भरोसा नभएको देखाउँदै देशभित्रै युवाको भविष्य सुनिश्चित गर्ने गरी राजनीतिमा युवाको सक्रिय सहभागिता खोज्न थालेको हो।

यो पुस्ताले राजनीतिक स्वार्थभन्दा माथि उठेर जिम्मेवार, पारदर्शी र जनउत्तरदायी शासनको माग अघि सारेका छन्। उनीहरूको नेतृत्व चेतना स्वयंसेवी, राष्ट्र सेवामुखी, प्राविधिक र वैज्ञानिक सोचमा आधारित देखिन्छ। यही पुस्ताले डिजिटल आन्दोलनबाट नेपालको शासन सुधारको नयाँ युग सङ्केत गरेको छ; जसले भविष्यको राजनीतिक रूपान्तरणको दिशा नागरिककेन्द्रित सुशासनतर्फ मोड्ने सम्भावना प्रकट गरेको छ।

## *शासकीय संरचना भद्दा र बोझिलो*

समाजवाद उन्मुख लोककल्याणकारी राज्य निर्माण गर्ने मार्गमा मुखरित भएको राष्ट्रमा नागरिकबाट न्यूनतम शुल्क लिएर अधिकतम सन्तुष्टि प्रदान गर्ने सेवाटेवाका लागि सरकारका इकाइहरू सक्रिय हुनुपर्ने मान्यता राखिन्छ। तर नेपालमा सङ्घीय, प्रादेशिक र स्थानीय शासन संरचनाले नागरिककेन्द्रित सेवाटेवाको साटो सङ्घीय संरचना दल र कर्मचारीको सन्तुष्टिमुखी बन्दोबस्तीमा रूपान्तरण भएको अनुभव छ। शासकीय तहहरू जनसेवाभन्दा बढी दलको कार्यकर्ता र कर्मचारी व्यवस्थापनको उपकरण बनेका छन्, जसले शासनप्रणालीप्रति सार्वजनिक विश्वास कमजोर बनाएको छ। यसै निराशामा आन्दोलनकारीहरूले प्रादेशिक संरचना नै खारेज गर्नेदेखि दलीय वर्चस्व काट्न, स्थानीय सरकारलाई जनमुखी बनाउन र भ्रष्टाचार नियन्त्रण गर्न ठोस सुधारको माग अघि सारेका छन्।

सङ्घीयता जनताको हितभन्दा दल व्यवस्थापनमा केन्द्रित हुँदा असन्तुष्टिका आवाजहरू समयसमयमा आन्दोलनका रूपमा देखिएकै हुन्। नागरिकहरूका यस्ता गुनासाहरूलाई आयोजक समूहका अगुवाहरूमाथि सरकारले विभिन्न मुद्दा चलाएर नियन्त्रण र निस्तेज पार्ने तथा नागरिकहरूका अगाडि खराब चरित्रको पात्रका रूपमा शैतानिकरण गर्ने प्रयास पनि हुँदै आएका थिए। परिवर्तनमा सबै खाले भद्र प्रयासहरूलाई राज्यले बल प्रयोग गरी दमन गर्दै आएको र सरकारमा सहभागी पात्र तथा दलहरूमा उच्च अहङ्कार देखिने क्रम नरोकिएपछि राजनीतिक दलसँग सम्बन्धै नभएको डिजिटल तन्नेरी पुस्ताले डिजिटल सङ्गठनकै माध्यमबाट प्रतिरोध आन्दोलन आह्वान गरेको थियो। उनीहरूले नागरिक सर्वोच्चतालाई दलतन्त्रले कुरूप बनाएको र शासकीय पहुँचका आधारमा सर्वसाधारणलाई ऐन र पहुँचवालालाई चैन हुने गरेको भन्दै भद्धा सरकारी संरचनालाई खारेज गरी चुस्त र छरितो तथा मितव्ययी संरचना बनाउने माग राखेर आफ्नो आवाजमा नागरिक समर्थन जुटाएका हुन्।

## *निष्कर्ष*

सङ्घीय व्यवस्थाको आरम्भले जनतामैत्री शासन ल्याउने अपेक्षा बोकेको थियो, तर त्यसले राज्यको जराधारस्तरका समस्या समाधान गर्न सकेको देखिएन। स्थानीय तह र प्रदेश तहको संरचना जनतामुखी नभई कर्मचारीमैत्री र दल–व्यवस्थापनमैत्री बन्दै गएको धारणा बलियो छ। परिणामतः नागरिक समाजमा यो व्यवस्थाको भविष्यबारे गहिरो द्विविधा उत्पन्न भएको छ। केहीले यस व्यवस्थालाई विगतका आन्दोलनको ऐतिहासिक उपलब्धिका रूपमा बचाइराख्नुपर्ने धारणा राखेका छन् भने केहीले दलतन्त्रमुखी सङ्घीयतामाथि पूर्ण अविश्वास व्यक्त गर्दै नयाँ प्रणालीको खोजी गर्नुपर्ने तर्क अघि सारेका छन्। नेपालको राज्य पुनर्संरचना र शासकीय सुधारको प्रक्रिया अपेक्षाअनुसार नागरिकमुखी बन्न नसक्दा, दलीय संरचनाले राजनीतिक अवसरलाई आसेपासे र कार्यकर्तामुखी बनाउँदै लगेको, सामान्य नागरिकका लागि करका दर र प्रशासनिक बन्देजले निरुत्साहित पार्दा नागरिकहरू राज्यप्रति निराश बन्न थाले। यही निराशाको जगमा आन्दोलनकारीहरूले नै प्रादेशिक संरचना खारेज गर्नुपर्ने माग अघि सारे। दलतन्त्र सुदृढ हुँदै जाँदा भ्रष्टाचार सघन बन्दै गइरहेको र सुशासनका पिलरहरू — नागरिक खबरदारी, पारदर्शिता, र जवाफदेहिता क्रमशः कमजोर हुँदै गएको देखिन्छ। नागरिक दबाब र खबरदारीका अभ्यासहरू सबल बनाउने र सुशासन खोजी हुने आवाजहरू सामाजिक मिडियामा आउन थाल्यो तब, दलतन्त्रले आफ्नो अस्तित्व सङ्कटमा देख्यो, उसले सुशासनका पिलरहरू भत्काउन थाल्यो। यसैले नागरिक सर्वोच्चता र राष्ट्रिय पहिचानको प्रत्याभूति अब दलतन्त्रबाट होइन, वैज्ञानिक र व्यवस्थित सुशासनबाट मात्र सम्भव छ भन्ने निष्कर्षतर्फ तन्नेरी पुस्तालाई प्रेरित गऱ्यो।

सामाजिक मिडियामा सहभागिताले नागरिकहरूमा तर्कपूर्ण सवाल गर्ने हैसियत बढाएको छ। राज्यले न्यूनतम लगानीमा जनतालाई अधिकतम सेवा प्रवाह गर्न किन सकेन? किन नागरिक सन्तुष्टि निर्माणमा राजनीतिक इच्छाशक्ति कमजोर रह्यो? र किन बौद्धिक र नीतिनिर्माता वर्ग विचलित हुँदै गइरहे? यी प्रश्नहरू आम नागकिहरूमा उठ्न थाले, यसले वर्तमान शासनप्रणालीको गहिरो नैतिक सङ्कटलाई उजागर गरेको छ। तन्नेरी पुस्ताको शासकीय पहुँचमा सहभागिताको खोजी प्रयासले नेपालको भविष्य विदेशी सहयोग वा राजनीतिक मुखियाको कृपामा निर्भर छैन, यो नागरिक चेतना र नयाँ पुस्ताको साहसमा आधारित भन्ने देखाएको छ। राजनीति पेसा नभएर यो राष्ट्रसेवाको दायित्व हो, नेतृत्व आजीवन अधिकार होइन, आवधिक जिम्मेवारी हो र सरकार मालिक होइन, नागरिक सेवक हो भन्ने मान्यता पुनःस्थापित गर्न खोजेको छ। अब समाधानको बाटो के हो भने भ्रष्टाचारको स्रोत दलतन्त्र बिदाइ गर्ने र सुशासनका लागि जनमुखी, जवाफदेही र पारदर्शी सेवाका लागि सचेतरूपमा नीतिमा आधारित नेतृत्व चयन गर्नुपर्छ र शासकीय सुधारमुखी अभियानको आरम्भ गर्न ढिलो गर्नु हुँदैन।

नेपालको डिजिटल तन्नेरी विद्रोहले इरानी

समाजशास्त्री इबन खाल्दुनको सामाजिक द्वन्द्व सिद्धान्त र समूहगत समन्वयको अवधारणालाई पुनः पुष्टि गरेको छ। इबन खाल्दुनकाअनुसार कुनै समाजमा विद्यमान विभिन्न समूहहरूबिचको साझा उद्देश्यमा आधारित सहकार्य र समर्पणले नै सामाजिक स्थिरता र शासनको दिगोपन सम्भव बनाउँछ। तर जब समूहगत एकता कमजोर पार्ने र व्यक्तिगत स्वार्थ सुरक्षाका प्रपञ्च प्रबल हुन्छ भने राज्य वा शासन पतन तर्फ जान्छ। नेपालमा दलतन्त्र र संरचनागत भ्रष्टाचारले नागरिक सहभागिता र सुशासनका पिलरहरू कमजोर बनाउँदै लगेको छ। सबै खाले राजकीय संर चनाहरू दलतन्त्रले भ्रष्टिकरण गरेपछि नागरिकहरूमा चरम निराशा रहेको छ। यही निराशाको प्रतिरोध गर्नाका लागि डिजिटल तन्नेरी पुस्ताले यसलाई चुनौती दिएको हो। पूर्वीय दर्शनका ऋषि विश्वामित्रका विचारअनुसार आर्थिक र भौतिक उपलब्धिले मात्र होइन, नैतिक नेतृत्व र लोककल्याणमा आधारित शासन प्रणाली मात्र दीर्घकालीन स्थिरता प्राप्त गर्न सक्दछ। नागरिक र राज्यबिचको सम्बन्ध पारस्परिक जिम्मेवारी र सम्मानमा आधारित हुनुपर्छ र नेतृत्वले नैतिकता तथा राजधर्म पालन गर्नैपर्छ। यसरी नेपालमा भएको डिजिटल तन्नेरी विद्रोह केवल राजनीतिक असन्तोषको अभिव्यक्ति मात्र नभई नयाँ नैतिक शासकीयता सहितको सामाजिक–राजनीतिक संरचना खोजीको सुरुवात हो, जसले पारदर्शिता, जवाफदेहिता र लोकतान्त्रिक सहभागितालाई सशक्त बनाउने सम्भावना खोजिरहेको छ।

## *सन्दर्भ सामग्रीसूची*


कार्की, मृगेन्द्र बहादुर (२०८१). 'अनुत्तरित जिज्ञासा,कम्युनिस्ट गाता, ज्ञान अभ्यास, बोध र क—प्रश्न'. *नेपाल अध्ययन जर्नल.* वर्ष ४ अङ्क १, पृष्ठः ६१–९२।

शाह, जङ्गबहादुर(२०५८) *विश्वामित्र.* बुटबल : शेफाली शाह

Benford, R. D., & Snow, D. A. (2000). 'Framing processes and social movements: An overview and assessment'. *Annual Review of Sociology.* 26, 611-639.

Carnegie Endowment for International Peace. (2025). From streets to discord: How Nepal's Gen Z toppled a government. https://carnegieendowment.org/research/2025/09/nepal-gen-z-topple-government?lang=en

Crenshaw, Kimberlé (1989). 'Demarginalizing the intersection of race and sex'. *University of Chicago Legal Forum.* 1989, 139–167.

Crenshaw, Kimberlé(1991). 'Mapping the Margins: Intersectionality, Identity Politics, and Violence against Women of Color.' *Stanford Law Review.* 43 (6): 1241–1299.

Deloitte. (2025). 2025 Gen Z and Millennial survey: Growth and the pursuit of money, meaning, and well-being [Report]. Deloitte Touche Tohmatsu Limited. https://www.deloitte.com/ global/ en/ issues/work/genz-millennial-survey.html

Eldridge, A. (2025). Generation Z. In Encyclopaedia Britannica. Retrieved October 7, 2025, from https://www.britannica.com/topic/Generation-Z

Kaini, T. R. (2023). 'Ethnic movement in Nepal: Interactions between state and society'. *Academic View.* 17, 52–70.

Khaldun, Ibn (1967[1377]). *The Muqaddimah: An Introduction to History.*Translated by Franz Rosenthal, Princeton and New Jersey: Princeton University Press.

Krippendorff, K. (2018). *Content Analysis: An Introduction to Its Methodology.* (4th ed.). Sage Publications.

Lamichhane, D. P. (2025). Changing dynamics of the U.S.–Nepal policy: An analysis through the lens of hegemonic stability theory. Nepal Public Policy Review, 5(1), 45–67. https://doi.org/10.59552/nppr.v5i1.90

Lidke, J. S. (2004). 'The transmission of all powers: Sarvāmnāya Śākta Tantra and the semiotics of power in Nepāla-Maṇḍala. Pacific World'. *Journal of the Institute of Buddhist Studies.* 3(6), 257-291.

Mathrubhumi English. (2025, September). Nepal's social media ban triggered a massive surge in VPN usage. https://english.mathrubhumi.com/news/world/nepal-social-media-ban-vpn-surge-k0everej

Merton, Robert K.(1968). *Social Theory and Social Structure.* New York: Free Press.

Philip, B. (2024, July 16). Nepal, the world champion of political instability. Le Monde. https://www.lemonde.fr/en/international/

Ṛgveda. (ca. 1500–1200 BCE). 'Mandala III, Hymns of Vishvamitra. In R. T. H. Griffith (Trans.)'. *The Hymns of the Rigveda.* Motilal Banarsidass.

Save the Children & Children as Zones of Peace (CZOP). (2025). Rapid response report on the impact of the Gen Z protests on children and young people in Nepal (Data collected September 12–13, 2025). https://www.czopnepal.org.np/wp-content/uploads/2025/09/Rapid-Assessment_GenZ-movement_Report.pdf

Smith, L. T. (2012). *Decolonizing methodologies: Research and Indigenous peoples.* (2nd ed.). London: Zed Books.